नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाडौं ।

फोन : ५९१९८९३
५९१९८९२
www.doib.gov.np
doibonline@gmail.com

प.सं.: २०८२/०८३
च.नं.: १०५३

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना तथा प्रसारण विभाग

मिति:-२०८३।०३।०२
नेपाल संवत:-११४६

**आ.व.२०८३/८४ का लागि अनलाइन सञ्चारमाध्यमको नवीकरण तथा अनलाइनको दर्ता/नवीकरण प्रमाणपत्र सम्बन्धी जरुरी सूचना ।**

प्रस्तुत विषयमा छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ तथा छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ (दोस्रो संशोधन, २०८२ समेत) को आधारमा अनलाइन सञ्चारमाध्यमको दर्ता/नवीकरण विभागको सूचना प्रणाली https://ims.doib.gov.np मार्फत भइरहेको छ । तथापी यो प्रणालीबाट सम्पादन गरिने सेवा पूर्णरुपमा अनलाईनमा आवद्ध नभएकोले अनलाइन सञ्चारमाध्यमको दर्ता/नवीकरण प्रमाणपत्र Hardcopy नै जारी भईरहेको अवस्था छ । यसै सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु, विभागबाट तयार गरिएको Business Process Re-engineering (BPR) लगायतका आधारमा मिति २०८३ असार १ गतेदेखि लागु हुने गरी अनलाइन सञ्चारमाध्यमको दर्ता/नवीकरणको सम्पूर्ण सेवा तथा संस्था, सञ्चालक, सम्पादक परिवर्तन लगायतका विवरण परिवर्तन समेत अनलाइन प्रणालीमा आवद्ध गरि दर्ता/नवीकरण/विवरण परिवर्तनको प्रमाणपत्रको **digital copy** सञ्चालकले निवेदन पेश गरेको प्रणालीबाटै उपलब्ध हुने व्यवस्था गरी **hard copy** उपलब्ध नगराइने व्यहोरा निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

साथै आ.व.२०८३/८४ का लागि अनलाइन सञ्चारमाध्यमको नवीकरण कार्य प्रारम्भ गरिएकोले आ.व.२०८२/८३ सम्म नवीकरण भएका अनलाइन सञ्चारमाध्यमको आवश्यक कागजातसहित https://ims.doib.gov.np मार्फत निवेदन दिन सकिने व्यहोरा सूचित गरिन्छ।आ.व.२०८२/८३ का लागि अनलाइन नवीकरणका लागि निवेदन पेश गरी कागजात approved भएका अनलाइन सञ्चारमाध्यमहरुको आवश्यक दस्तुर समयमै (चालु आ.व.मा) भुक्तान गर्नुहुन अनुरोध छ, अन्यथा प्रमाणपत्र स्वत: रद्द हुने कानूनी व्यवस्था रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

मिनकुमार शर्मा
२०८३।३।२

